# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री रवीन्द्रकुमार शाक्य संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ) को आयोजनामा बंगलादेश एक्स्पोरियन्स एक्सचेन्ज भिजिटमा भागलिन बंगलादेशतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका का.मु. विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई मिति २०५३।१०।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५३।१०।१३ को निर्णयानुसार महान्यायाधिवक्ता-को कार्यालयका नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणीका वरिष्ठ सरकारी अधिवक्ता श्री प्रेमबहादुर विष्टको विशिष्ट श्रेणीको पदावधि मिति २०५३।१०।१२ मा ५ वर्ष पूरा हुने भएकोले निजामती सेवा ऐन, २०४६ को दफा १७ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम निज ५८ वर्ष उमेर पूरा हुने मिति २०५४।४।२१ सम्मको सेवा अवधि थप गरिएको छ ।

आज्ञाले,
सुरेसमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूलसुधार

खण्ड ४६ अतिरिक्ताङ्क ३७ नेपाल राजपत्र भाग २ मिति २०५३।७।१९ गते कानून तथा न्याय मन्त्रालयद्वारा प्रकाशित २०५३ सालको ऐन नं. ३,४ र ५ को शीर्षक-हरूमा 'ऐन' हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग ।

## भूलसुधार १

खण्ड ४५, अतिरिक्ताङ्क ४५ (अ) मिति २०५२।११।४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाबमोजिम गठित चन्द्रनिगाहपुर नगर विकास समितिमा श्री सुरज कुमार श्रेष्ठ, अध्यक्ष हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

## भूलसुधार २

खण्ड ४५, अतिरिक्ताङ्क ३५ (ग+२) मिति २०५२।८।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाबमोजिम गठित कैलाली जिल्लाको धनगढी नगर विकास समितिको सदस्यमा श्री दीर्घराज जोशी र श्री साम्राज्य विक्रम पाण्डे हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

आवास तथा भौतिक योजना मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

620

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।